(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

खण्डः-४ सङ्ख्याः-६ मितिः-२०७७/७/१९

भाग-२

पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्रे ,भोजपुर

## प्रस्तावनाः

पौवादुङमा गाउँ क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै गाउँवासीहरुमा पुर्याउने उद्देश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न **खानेपानी तथा सरसफाई उपभोक्ता** समितहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बान्छनीय भएकोले, पौवादुङमा गाउँकार्यपालिकाबाट नेपालको संविधान अनुसूची -८ को क्र.स. १९ को प्रत्याभूती गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११. उपदफा (२) खण्ड घ. देहाय (१) र (२) को प्रयोजनका लागि पौवादुङमा गाउँपालिको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ बमोजिम खानेपानी मूल दर्तासमेत प्रयोजनको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि बनाईएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः**

१) यस कार्यविधिको नाम **"पौवादुङमा गाउँपालिकाको खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७७"**रहेको छ ।

२) यो कार्यविधि पौवादङमा गाउँपालिका भित्र लागु हुनेछ ।

३) यो कार्यविधि प्रमाणिकरण भई पौवादुङमा राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

## परिच्छेद-२
## परिभाषा

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) **"खानेपानी"** भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनुपर्छ ।

ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले पौवादुङमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ग) **"समिति"** भन्नाले विधान अनुसार गठन भएको खानेपानी तथा सरसफाई उपभोक्ता समिति सम्झनु पर्छ ।

घ) **"तोकिएको" वा "तोकीए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियम, निर्देशिकामा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

ङ) **"गाउँपालिका"** भन्नाले पौवादुङमा गाउँपालिका, च्याङ्ग्रे भोजपुरलाई सम्झनु पर्दछ ।

च) **"मिटर रिडर"** भन्नाले दफा १४ (१) बमोजिम समितिद्वारा नियुक्त कर्मचारी सम्झनु पर्दछ ।

छ) **"मर्मत सम्भारकर्ता"** भन्नाले दफा १४ (२) बमोजिम नियुक्त मर्मत सम्भारकर्ता सम्झनु पर्दछ ।

## परिच्छेद-३
## समिति दर्ता, उद्देश्य तथा वर्गिकरण

३. **उपभोक्ता समिति दर्ता गर्नु पर्नेः** स्थानीय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एंव अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गरेर मात्र उपभोक्ता समिति स्थापना गर्नु पर्नेछ ।यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि उपभोक्ता समिति स्थापना गर्नु हुदैन ।

४. **खानेपानीको मुल दर्ता गर्नुपर्नेः-** (१) गाउँपालिकाले पालिकाको क्षेत्रमा खानेपानी उत्पादनको मुख्य श्रोत मुहान (मुल) बाट संकलन गरी खनेपानी व्यवस्थापन गर्नु पर्ने अवस्थामा सो मुल सहित आधिकारिक खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नु पर्नेछ । खानेपानी तथा सरसफाई उपभोक्ता समितिले खानेपानी व्यवस्थापन गरी सार्वजनिक उपभोग गर्नको लागि खानेपानी संकलन गर्ने मुख्य श्रोत मुहान (मुल) दर्ताको लागि गाउँपालिका समक्ष माग गर्नु पर्नेछ ।माग भए पछि निम्न अनुसारको समितिले मुल दर्ता गर्न

मिल्ने नमिल्ने सम्बन्धमा स्थलगत अध्ययन सहित छानविन गरी दर्ता गर्न मिल्ने अवस्था देखिएमा मुल दर्ता सहितको अनुमती दिन सक्नेछ।

१) संयोजक- गाउँपालिका उपाध्यक्ष

२) सदस्य- सम्बन्धित वडाको अध्यक्ष

३) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक

**(२)** उपदफा (१) मा जेसुकै भए पनि २५ घर भन्दा कम उपभोक्ता भएको मूल दर्ता गर्न आनिवार्य हुनेछैन।

**५. समिति दर्ताः (१)** समिति दर्ता गर्न चाहने उपभोक्ताहरूले घटीमा ९ देखि बढीमा ११ जना व्यक्तिहरु आफु मध्येबाट कम्तिमा ३३ % महिला प्रतिनिधित्व हुने गरी (अध्यक्ष, सचिब र कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला हुनु पर्ने) देहायको विवरण खुलाई समितिको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

क) समितिको नाम,

ख) उद्देश्यहरु,

ग) समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

घ) कार्यालयको ठेगाना,

ङ) समिति संचालनको विधि र प्रक्रिया

**(२)** उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझका लागि दफा ४ बमोजिमको समितिमा पठाई समिति दर्ता गर्न उचित ठानेमा १५ दिन भित्र समिति दर्ता गरी प्रमाण-पत्र दिनेछ ।

**(३)** प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिका अध्यक्ष समक्ष उजुर गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको उजुर प्राप्त भएपछि गाउँपालिका अध्यक्षले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मनासिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो भएपछि प्रमुख प्रशासकीय अधिकृतले समिति दर्ता गरिदिनु पर्नेछ ।

**(५)** यस दफा अन्तर्गत दिईने प्रमाण पत्रको ढाँचा अनुसूची १ बमोजिम हुनेछ । नवीकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**(६)** दर्ता भएको समिति प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गरिसक्नु पर्नेछ । दर्ता दस्तुर रु. २,०००।- (दुई हजार), नवीकरण दस्तुर वार्षिक रु.१,०००।(एक हजार) तिर्नु पर्नेछ । समितिले समयमा नवीकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु. २००।(दुई सय रुपैयाँ ) थप लाग्ने छ ।

६. **<u>समिति संगठित</u>** <u>मानिने:</u> (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति आविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ ।सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नाम बाट नालिस उजुर लाग्नेछ ।

७. **<u>संस्थाको सम्पत्ति:</u> (१)** समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ति फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारवाईमा चित्त नबुझ्ने ब्यक्तिले सम्वन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले सिमितको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारबाही चलाउन सक्नेछ ।

८. **<u>यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्ने:</u>** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भई वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमजिम सुचीकृत गराउनु पर्ने छ । सुचिकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. **<u>समितिको उद्देश्यहरुमा हेरफेर:</u> (१)** समितको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्ने छ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारि भएको मानिनेछ ।तर, सो प्रास्ताव लागु गर्नु गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

१०. **<u>समितिको वर्गिकरण:</u>-** दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको व्यवस्थापनबाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गिकरण हुनेछ ।

१) १००१ जना वा सो भन्दा बढी उपभोक्ता सदस्य भएको (क वर्ग)

२) ५०१ देखि १००० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) ५०० जना सम्म उपभोक्ता सदस्य भएकव (ग वर्ग)

११. **<u>तदर्थ समित गठन गर्न सकिने</u>:-** यस अघि दर्ता स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापन हुने उपभोक्ता समितिहरुले तोकिए बमोजिम ६ महिना भित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा नगरेमा त्यस्ता तदर्थ समिति वा अवधि पुरा भएका उपभोक्ता समितिहरुलाई विगठन गरी संचालन निमित गर्न गाउँपालिकाको तर्फबाट सम्बन्धित उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधरण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

१२. **<u>संघ गठन गर्न सकिने</u>:-** दर्ता स्वीकृती प्राप्त गरी गाउँपालकिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरु मध्ये बाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँस्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितहरुलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

## परिच्छेद-४

## <u>खानेपानीको वितरण तथा मर्मत संभार</u>

**१३. खानेपानी मिटर प्रणाली मार्फत वितरण गर्नेः (१)** यस कार्यविधि लागु भए अघि र पश्चात दर्ता भएका सबै खानेपानी आयोजनाहरूमा मिटर जाडान गर्दै लगिने छ । संघीय, प्रदेश वा यस गाउँ सरकारको लगानीमा बनेका आयोजनाहरूमा मिटर जडान गरे पश्चात हाललाई सम्बन्धित खानेपानी तथा सरसफाई उपभोक्ता समिति मार्फत खानेपानी उपभोग तथा मर्मत सम्भार शुल्क लागू गरी संकलन गरिने छ ।

(२) दफा (१) बमोजिम मिटर प्रणाली जडान गरिएका उपभोक्ताहरूबाट मिटरमा उठेको युनिटका आधारमा संकलन गर्ने

**क.** मासिक ७ युनिट सम्म भए रु. १००

**ख.** मासिक ७ युनिट भन्दा बढी १५ युनिट सम्म खपत भएको भए सुरु ७ युनिटको रु. १०० र पछिल्लो ८ युनिटको प्रतियुनिट रु ३० का दरले हुन आउने शुल्क

**ग.** १५ युनिट भन्दा वढी मासिक रुपमा खपत गर्ने वील धनीबाट सुरु २० युनिटको रु. ३४० र १६ युनिट भन्दा जतिसुकै बढी युनिट खपत गरे पनि थप प्रति युनिट रु ४० का दरले हुन आउने रकम

**घ.** मासिक रुपमा बिलम्ब गरी बील रकम भुक्तानी नगर्ने उपभोक्तालाई पहिलो महिनाका लागि तोकिएको बीलमा थप ५% जरीवाना, दोस्रो महिना भए ७.५%, तेस्रो महिना भए १०% र सोभन्दा बढी अवधी भुक्तानी नगरे सेवा बन्द गरीने छ ।

**ङ.** सेवा बन्द पश्चात पुनः सुचारु गर्न निवेदन गरे पहिलेको उक्त मिटरवालाले तिर्नु बुझाउनु पर्ने रकम जरिवाना सहित असूल उपर गरी पुनः जडान शुल्क रु ५००० एकमुष्ट दिए लिई सेवा सुचारू गर्न सकिनेछ ।

**च.** कुनै घर परिवार छुट्टीई भिन्न भए वा वसाई सरि आई मिटरका लागि समितिमा निवेदन दिए सेवा प्रवाह गर्न उपयुक्त देखिए समितिले निर्णय गरी मिटर जडान शुल्क रु. २००० लिई सेवा जडान गर्न सकिने ।

**छ.** कुनै घर परिवार बसाई सरी जाने भए सोको लिखित जानकारी समितिलाई दिई लाईन काट्न सकिने ।

**ज.** मिटर बाहिर पाईप टुटाई उपभोक्ता गरेको पाईए निजलाई रु. २००० जरीवाना गरी उक्त मिटर काटिनेछ ।

(३) मासिक रुपमा खानेपानी तथा सरसफाई उपभोक्ता समितिले नियुक्त गरेको मिटर रिडर तथा मर्मत कर्ताले स्विकृत बील भरपाई दिई मिटर रिडिङ गर्ने छ । मिटर रिडिङ हरेक महिनाको १० गते भित्र गरिसक्नु पर्ने छ । मिटर धनी उपभोक्ताले प्रत्येक महिनाको २५ गते भित्र अघिल्लो महिनाको बील उपभोक्ता समितिको कार्यालयमा गई मिटररिडर समक्ष भुक्तान गर्नु पर्ने छ ।

**१४. मिटर रिडर र मर्मत संभार कार्य र मर्मत सम्भारकर्ताको व्यवस्थाः (१)** दफा १३ बमोजिमको आर्थिक कारोवार राख्ने कार्य र मिटरजडान भएका उपभोक्ताको मिटर रेकर्ड राख्ने समेतको कार्यका लागि १ जना मिटर रिडरको नियुक्ती समितिले गर्ने छ । निजको पारिश्रमिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) खानेपानीको नियमित आपूर्ती र सेवा प्रवाहको नियमितताका लागि कम्तिमा १ जना मर्मत संभार कर्ताको नियुक्त समितिले गर्ने छ । निजको पारिश्रमिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नियुक्त हुने कर्मचारीको पारीश्रमिक दफा १३ बमोजिम उठेको रकमबाट नियमानुसार भुक्तानी हुनेछ ।

(४) दफा १५. बमोजिमको खाताबाट आयोजनाको मर्मत सम्भार र आवश्यक मर्मतका सामाग्रीहरू खरीद कानून बमोजिम समितिले गर्न सक्नेछ ।

## परिच्छेद-५

## <u>विविध</u>

**१५. खाता संचालन सम्बन्धि व्यवस्थाः** उपभोक्ता समितिको आध्यक्ष र सचिबको संयुक्त दस्तखतबाट संचालन हुने गरी क बर्गको वाणिज्य बैकमा चल्ति खाता समितिको नाउँमा खोल्नु पर्ने छ । उक्त खातामा देहायका रकम जम्मा हुनेछ ।

**(क)** दफा १३ बमोजिम उठेको रकम

**(ख)** गाउँपालिका, प्रदेश वा संघीय सरकारबाट प्राप्त अनुदान

**(ग)** कुनै दाता, संघ संस्था वा उपभोक्ताहरूबाटै मिटर रिडिङबाहेक प्राप्त रकम

**१६. <u>हिसाबको विवरण पठाउनु पर्नेः-</u>** उपभोक्ताले आफ्नो समितिको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्यक वर्ष पौषमसान्त भित्र गाउँपालिकामा पठाउनु पर्नेछ ।

**१७. <u>हिसाब जाँच गर्नेः-</u> (१)** प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाब आफुले नियुक्ति गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए वापत गाउँपालिकाले हिसाब जाँचबाट देखिन आएका समितिको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफुले निर्धारण गरेको दस्तुर असुल गरी लिन सकिनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जावाफ दिनु समितको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाई चलाउन सक्नेछ ।

तर, प्रचलिन कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलिन कानून बमोजिम मुद्धा चलाउनु सक्नेछ ।

१८. **<u>निर्देशन दिनेः-</u>** गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितको कर्तव्य हुनेछ ।

१९. **<u>दण्ड सजायः</u>- (१)** दफा ४ बमोजिम दर्ता नगराई समिति स्थापना गरेमा वा दफा (७) बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरुलाई गाउँपालकाले जनही पाँच हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा (९) बमोजिम हिसाबको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई गाउँपालिकाले जनही एक हजर रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा (९) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१०) को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले पाँच हजार रुपैंया सम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा (८) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई समितिको उद्देश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाहि गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

२०. **<u>पुनरावेदनः</u>** दफा (१२) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

२१. **<u>समितिको विघटन वा त्यसको परिणामः</u>**-(१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पुर्ण जायजेथा गाउँपालिकामा सार्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्नेछ ।

२२. **नियम बनाउने अधिकारः-** यस कार्यविधिको उद्देश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

२३. समितले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्य समितिको स्वत विघटन भएको मानी अर्को कार्य समिति चयन नभए सम्म समिति संचालन गाउँपालिकाले गर्नेछ ।

२४. **खारेजी वा बचाउः-** (१) खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पुर्व जलस्रोत ऐन, २०४९ अन्तर्गत दर्ता भएका समित यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

**अनुसूची-१**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**निवेदन पत्रको ढाँचा**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
पौवादुङमा गा.पा. च्याङ्ग्रे, भोजपुर ।

महोदय,

हामीले.....................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रास्तावित उपभोक्ता संस्थाको दुई हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

विवरणः

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्रः

३. उद्देश्यहरुः

(क)

(ख)

(ग)

४. सदस्यहरुको नाम ठेगाना पेशा र ना.प्र.नं.

(क)

(ख)

(ग)

(घ)

(ङ)

(च)

(छ)

५. उपयोग गरिने जलस्रोतको विवरणः

(क) जलस्रोतका नाम र रहेको ठाउः

(ख) जलस्रोतबाट गरिने प्रयोगः

(ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः

(घ) उक्त जलस्रोतको हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्थाले पुर्याउन चाहेको सेवा सम्बन्धी विवरणः

(क) सेवाको किसिमः

(ख) सेवा पुर्याउने क्षेत्रः

(ग) सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः

(घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक,

उपभोक्ता संस्थाको तर्फबाट दरखास्तदिनेको

सहीः

नामः

पदः

ठेगानाः

**अनुसूची-२**

(दफा ५ को उपदफा ५ सँग सम्बन्धित)

**उपभोक्ता संस्था दर्ता प्रमाण पत्र**

पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

च्याङ्ग्र, भोजपुर ।

मितिः

श्री (सम्बन्धित उपभोक्ता संस्थाको नाम)

...............................................

...............................................

खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थपन कार्यविधि, २०७७ को दफा (५) को उपदफा (२) बमोजिम................साल..............महिना....................गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र

प्रदान गरिएको छ, खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम आफ्नो कार्य सञ्चालन गर्नु होला ।

सहीः
नाम, थरः
पदः

प्रमाणिकरण गर्नेकोः
दरखास्तः
नाम,थरः
दर्जाः
पृष्ठ संख्याः ११
मितिः
कार्यालयको छापः

**पौवादुङ्मा गाउँपालिकामा........................खानेपानी तथा सरसफाई उपभोक्ता समिति, पौवादुङ्मा ...............ले पेश गरेको विधान, २०७७**

**परिच्छेद-१**

**१.** संस्थाको नामः यस संस्थाको नाम.....................................हुनेछ ।

**क.** संस्थाको कार्यालय रहने ठेगानाः यस संस्थाको कार्यालय ................... जिल्ला ...... गाउँपालिका वडा नं.......मा रहनेछ । गाउँपालिकाको स्वीकृति लिई यस संस्थाको कार्यालय अन्य स्थानमा सार्न सकिने छ ।

**ख.** संस्थाको कार्यक्षेत्रः यस संस्थाको कार्यक्षेत्र...............जिल्ला..................गाउँपालिका वडा नं............भित्र रहने छ ।

**परिच्छेद-२**

**२.** परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा ।

**क.** "गाउँपालिका" भन्नाले पौवादुङमा गाउँपालिका च्याङ्ग्रे भोजपुर भन्ने बुझ्नुपर्छ ।

**ख.** “उपाध्यक्ष” भन्नाले पौवादुङमा गाउँपालिकाको उपाध्यक्ष भनी बुझ्नु पर्दछ ।

**ग.** "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पौवादुङमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भनी बुझ्नु पर्दछ ।

**परिच्छेद-३**

**३. संस्थाको छाप र चिन्हः** यस संस्थाको छाप र चिन्ह निम्न बमोजिम हुनेछ ।

**परिच्छेद-४**

**४. संस्थाको उद्देश्यः** यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ र सो संस्था गैरराजनितिक मुनाफारहित जनहितकारी संस्था हुनेछ ।

**क.**

**ख.**

**ग.**

**५. संस्थाको उद्देशय प्राप्त गर्न गरिने कामहरुः** यस संस्थाले उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कमहरु गर्नेछ ।

**क.** संस्थाले प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित नकायबाट अनुमति वा इजाजत प्राप्त गरि मात्र उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ ।

**ख.** संस्थालाई आवश्यक पर्ने घर जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिने छ र कम्प्यूटर, टेलिफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लाई प्रयोग गर्नेछ ।

**ग.** संस्थालाई आवश्यक पर्ने कर्मचारी विनियम अनुसार नियूक्त गर्ने तथा तिनको सेवाका सर्तहरु निर्धारण गर्नेछ ।

**घ.** संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

**ङ.** अन्य आवश्यक कुराहरुः

**राजपत्रमा प्रकाशन भएको मितिः- संवत् २०७७ साल कार्तिक १९ रोज ४**

**आज्ञाले**

रमेश राई

प्रमुख प्रशासकीय अधिकृत